घिरिङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय तनहुँ पोखरीभ्याङ, गण्डकी प्रदेश, २०७३

# घिरिङ गाउँपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७६

प्रस्तवानाः

नेपालको संविधानको अनुसूची ८ बमोजिमको एकल अधिकार सूची, स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यस घिरिङ गाउँपालिकाको तनहुँ आन्तरिक आय संकलन कार्य व्यवस्थित रूपमा संचालन गर्नका लागि आन्तरिक आय संकलन कार्यविधि तर्जुमा गरी घिरिङ गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत गरी लागू गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७६

ख) ", रहेको छ ।

ग) यो कार्यविधि भएको मिति २०७६ भदौ १२ गते देखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

क) "आन्तरिक आय" भन्नाले प्रचलित ऐन, दफा र कार्यविधि बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूँजीगत लगानी, आर्थिक कारोवार क्षेत्रगत एवं व्यापारिक महत्व र स्रोत साधन आदिका आधारमा गाउँपालिका सभावाट स्वीकृत दर बमोजिम ठेक्का, अमानत वा अन्य कुनै तरिकाले असुल गर्ने कर, दस्तुर, सेवा शुल्क, विक्री आदि आय संकलन गर्न सम्झौता गरेको फर्म वा व्यक्तिलाई सम्झनुपर्छ ।

ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा नियुक्ति कर्मचारीलाई सम्झनु पर्छ ।

ग) "कर अधिकृत" भन्नाले यो कार्यविधि बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

घ) "वडा" भन्नाले गाउँपालिकाको वडा सम्झनुपर्दछ ।

ङ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउँदछ ।

च) "शाखा" भन्नाले राजश्व शाखा सम्झनुपर्छ ।

छ) "व्यवसायी" भन्नाले व्यापार तथा व्यवसाय संचलन गर्ने गरी प्रचलित कानून वमोजिम व्यवसाय दर्ता भएको व्यक्ति/फर्म/संघ संस्थालाई सम्झनु पर्दछ ।

ज) "स्थानीय तह" भन्नाले घिरिङ गाउँपालिकालाई सम्झनु पर्नेछ ।

झ) "गाउँ सभा" भन्नाले घिरिङ गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्नेछ ।

३. स्थानीय तहले आन्तरिक आय संकलनको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेः

(१) स्थानीय सरकार संचालन ऐन, २०७४ को अधीनमा रही घिरिङ गाउँपालिकाको गाउँ सभाले निर्णय गरे अनुसारको करको दर, सेवा शुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असूल गर्न घिरिङ गाउँपालिकाले एक आर्थिक वर्षको लागि ठेक्का बन्दोवस्त गर्न सक्नेछ । तर घिरिङ